# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/८२
चलानी नं.

## उत्पादनमा आधारित दूधमा प्रोत्साहन अनुदान कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१०/२७

सूचना नं:- प.से.शा १२

यस सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुडचुङ, धादिङको आ .व. २०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रम अनुसार उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनका लागि बागमति प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालयको "स्थानिय तहमा विनियोजन ससर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१" बमोजिम मापदण्ड पूरा गरेका ईच्छुक दुग्ध उत्पादक सहकारीहरुले सहभागि भई तहाँ सहकारीमा नियमित रुपमा दूध बिक्री गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मितिः२०८१/११/१८ गते) भित्र यस कार्यालयको पशु सेवा शाखामा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत जानकारीको लागि पशु सेवा शाखामा(९७६४६२४६११ वा ९८६५५०४२१४) सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

<u>संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु</u>

१. आवेदन,
२. सहकारी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी,
३. आ.व.२०८०/०८१ को कर चुक्ताको प्रमाणपत्र,
४. आ.व.२०८०/०८१ को वार्षिक साधारण सभा भएको प्रमाण,
५. आ.व.२०८०/०८१ को लेखा परिक्षण (दूध खरिद र विक्री खुल्ने गरी) भएको प्रमाण,
६. दूध विक्री गरेको प्रमाण (दूध खरिद गर्ने संस्थाको लेटरप्याडमा),
७. कृषकबाट खरिद भुक्तानी गरेको भर्पाइ,
८. हालसम्म कुनै प्रकारको कारवाहीमा नपरेको स्वघोषणा पत्र,
९. मिल्क एनालाइजर प्रयोग गरेको भएमा प्रमाण

..............................
राम प्रशाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत